# पैयूँ गाउँपालिकाको चौथो गाउँसभाबाट पारित
# आ.व २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम

**यस सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

१ पैयूँ गाउँपालिकाको यस गरिमामय गाउँसभामा आ.व २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु ।

२ मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना र देशभक्तिपूर्ण आन्दोलनमा मुलुक र जनताको लागि प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३ समग्र राष्ट्र र गाउँपालिकाको विकासमा सदा सर्वदा विभिन्न तह र तप्काबाट सहयोग पुर्याहुने सम्पूर्ण पैयूँ वासी आदरणीय आमा दिदी बहिनी तथा दाजुभाइहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

४ पैयूँ गाउँपालिका गण्डकी प्रदेश, पर्वत जिल्ला अन्तर्गत रहेको साविकको टकलाक, त्रिवेणी, बेउलीबास, हुवास, सरौंखोला र भोर्ले गा.वि.सहरु मिलेर बनेको कुल ४२.५ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ ।संघीयता र परिवर्तित राज्य व्यवस्थालाई जनताको सबैभन्दा नजिक रहेर व्यावहारिक रुपमा अनुभूति गराउने जिम्मेवारी गाउँपालिकाको हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नेपालको संविधान, २०७२ द्वारा प्रदत्त स्थानीय तहको अधिकार र जिम्मेवारीहरुमध्ये एक महत्वपूर्ण कार्य गाउँपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा हो ।

**अब म गाउँपालिकाको आ.व २०७५।०७६ को नीति तथा कार्यक्रमको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**५. चालु आर्थिक वर्ष २०७५।०७६को नीति तथा कार्यक्रमको समीक्षा**

**(क) आर्थिक क्षेत्रको समीक्षा**

- समग्र गाउँपालिकाको आर्थिक मेरुदण्डका रूपमा रहेको कृषि क्षेत्रमा चालु आर्थिक वर्षमा केही सुधारका प्रयासहरु सुरु भएका छन् । विभिन्न पकेट क्षेत्रहरुको स्थापना गरिएको छ भने कृषकहरुलाई विभिन्न प्रकारका अनुदानहरुको व्यवस्था गरिएको छ ।
- उर्वर जग्गाहरुमा सिँचाइको अभाव रोक्नका लागि विभिन्न स्थानमा सिंचाईको व्यवस्था गरिएको छ
- एक गाउँ एक प्राविधिकहरु मार्फत कृषि तथा पशु सेवा प्राविधिक मार्फत कृषि तथा पशु स्वास्थ्य सेवाको विस्तार गरिएको छ ।
- आधुनिक कृषि औजार, बाख्राको खोर तथा भकारो सुधार कार्यक्रम, एक वडा एक माछा पोखरी निर्माण, घाँसको बिउ, वितरण ब्याठे माउ वितरण कार्यक्रम मार्फत् स्थानीय बासिन्दाको आर्थिक सबलीकरणको थालनी गरिएको छ ।

- कृषिमा आधुनिकीरणको थालनीका लागि कृषकहरुलाई अनुदानमा मिनिटिलर प्रदान गरिएको छ ।
- विभिन्न संघ संस्थाहरुको साझेदारीमा युवा लक्षित सीपमूलक तालिम सञ्चालन गरिएको छ।
- गाउँपालिका भित्रका स्थानीय बजारहरुलाई थप व्यवस्थित गराउने प्रयास गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षः**

- कृषि क्षेत्रमा तुलनात्मक रुपमा बजेट वृद्धि गर्नुपर्ने,
- कृषकहरुको उत्पादनलाई बजारसम्म पुर्याउनका लागि गाउँपालिकाबाट थप व्यवस्था गर्नुपर्ने,
- रोजगारी सिर्जना र गरिबी न्यूनीकरण सम्बन्धी ठोस कदम चालिनुपर्ने देखिन्छ ।
- तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी आर्थिक विकासमा थप सुधार गर्नुपर्ने,
- पर्यटन विकास सम्बन्धी थप पूर्वाधारहरुको निर्माण गर्नुपर्ने,
- स्थानीय सीप स्रोत र साधनमा आधारित घरेलु उद्योगहरुको स्थापना र स्वरोजगारका अवसर सिर्जना गर्नुपर्ने,

**(ख) सामाजिक क्षेत्रको समीक्षा**

- विद्यालयहरुको भौतिक विकासमा सुधारको थालनी गरिएको छ, साथै सबै विद्यालयहरुबाट विद्यालय सुधार योजना (SIP) प्राप्त गरी सोही अनुसार शैक्षिक क्षेत्रको विकासको सुरुवात गरिएको छ ।
- दिवाखाजा कार्यक्रम सञ्चालन गरिएको छ, विद्यालहरुमा फर्निचर, शौचालय लगायतका भौतिक पूर्वाधारमा सुधार गरिएको छ ।
- टकलाक मा.वि, जनसेवा संस्कृत मा.वि, निर्मल जनसेवा मा.वि र पालूस्थान मा.वि मा चार कोठे भवन निर्माण कार्य सम्पन्न भएका छन्, विभिन्न विद्यालयहरुमा ICT को व्यवस्था तथा विज्ञान प्रयोगशालाको निर्माण गरिएको छ ।
- बढ्दो अंग्रेजी शिक्षाको मागलाई आत्सात् गरी सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठन पाठनको थालनी गरिएको छ ।
- विनु मा.वि सरौंखोला र बाल नयन आ.वि मा दुई कोठे भवन निर्माण गरिएको छ भने जनसेवा मा.वि र क्यामुने भञ्याङ मा.वि मा ट्रस्ट भवन थप गरिएको छ । साथै निर्मल जनसेवा मा.वि मा गाउँपालिकाको आफ्नै लगानीमा १ कोठेपक्की भवन निर्माण तथा भौतिक पूर्वाधार सुधारको कार्य गरिएको छ ।
- गाउँपालिकाभित्र सञ्चालित २ वटा क्याम्पसहरुको भौतिक तथा पूर्वाधार विकासका लागि अनुदान उपलब्ध गराइएको छ।
- चा.लु आ.व मा स्वास्थ्य चौकीहरुको भौतिक सुधारको सुरुवात गरिएको छ भने औषधीको पर्याप्त व्यवस्था गरिएको छ, पैयूँ-७ भोर्लेमा बर्थिङ्ग सेन्टरको स्थापनाका साथै आवश्यक उपकरणको व्यवस्था गरिएको छ ।

- फरक क्षमता भएका व्यक्तिहरु तथा जेष्ठ नागरिकहरुलाई ईलेक्ट्रिक बेड, ह्वील चेयर, ईयर डिभाईस लगायतका सामग्रीहरु वितरण गरी राहत प्रदान गरिएको छ ।
- सबै नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रवाह गराउने उद्देश्यका साथ सातै वडामा स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै अशक्त तथा जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण गर्नका लागि घरदैलो अभियान सञ्चालन गरिएको छ ।
- प्राकृतिक प्रकोप तथा महामारीजन्य विपदलाई मध्यनजर गर्दै गाउँपालिकामा स्वास्थ्य शाखा अन्तर्गत Rapid Response Team (RRT) को व्यवस्था गरिएको छ ।
- स्वास्थ्य चौकीबाट टाढा रहेका स्थानहरुमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरी आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई थप सहज बनाइएको छ ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुलाई आकार्षण गर्नका लागि दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको छ।
- जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयसँग सहकार्य गरी जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरिएको छ ।
- मातृ शिशु मृत्युदरलाई न्यूनीकरण गर्नका लागि बर्थिङ्ग सेन्टरहरुको सञ्चालन तथा स्वास्थ्यकर्मीहरुको व्यवस्था गरिएको छ ।
- लक्षित वर्गहरुका लागि विभिन्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ ।
- खानेपानीको समस्यालाई अन्त्य गर्नका लागि प्रयास गरिएको छ ।
- जेष्ठ नागरिकहरुलाई सम्मान तथा विभिन्न कार्यक्रमहरुको व्यवस्था गरिएको छ ।
- वडा नं ७ भोर्लेलाई बालमैत्री शासनयुक्त वडा घोषणा गरिएको छ ।
- सामाजिक सुरक्षा कार्यक्रममार्फत् जेष्ठ नागरिक, अपाङ्ग, दलित बालबालिका लगायतका लक्षित वर्गका जनताहरुलाई आर्थिक सहयोग प्रदान गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरुः**

- शैक्षिक विकास क्षेत्रमा पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने,
- आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्गहरुको सशक्तीकरणका लागि थप सुधार गर्नुपर्ने,
- लक्षित वर्गका कार्यक्रमहरु वितरणमुखी भन्दा पनि स्वावलम्बन र आत्मनिरभरता सिर्जना गर्ने खालका योजनाहरु व्यवस्था गर्नुपर्ने,

### (ग) पूर्वाधार क्षेत्र

- काठे पोल विस्थापन कार्यक्रम अन्तरगत GI विद्युत पोलहरुको व्यवस्था गरिनुका साथै गण्डकी प्रदेश सरकारसँग समन्वय गरी ६०० पोल प्राप्त गर्ने सुनिश्चितता भएको छ ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाइ लगायतका विकासका पूर्वाधारमा लगानी गरिएको छ ।

- आफ्नै कार्यालय भवन नभएका वडा कार्यालहरुको भवन निर्माणको प्रक्रिया सुरु गरी वडा नं ५ को कार्यालय भवन निर्माण कार्य सुरु गरिएको छ ।
- सात वटै वडाहरुमा रहेका गाउँपालिकाका स्तरीय सडकहरुको स्तरोन्नति गरिएको छ। चालु आ.व मा ८ वटा सडक ट्र्याक खोलिएको छ, करिब ६० कि.मि सडक नियमित आवधिक मर्मत गरिएको छ साथै २५ कि.मी. सडक स्तरोन्नति र २ वटा झोलुङ्गे पुल निर्माण गरिएको छ ।
- पैयूँ १ टकलाक खानेपानी तथा सरसफाई योजना र पैयूँ-७ दाङसिङ्ग लिफ्ट खानेपानी तथा सरसफाई योजना सम्पन्न भई १ घर १ धारा सहित ३०० घरपरिवारलाई स्वच्छ खानेपानीको व्यवस्था गरिएको छ भने, खानेपानीको समस्या हुन नदिनका लागि जनताको आवश्यकतानुसार खानेपानी पाइप वितरण गरिएको छ ।
- गाउँपालिकाको पूर्वाधार लगायत समग्र विकास कार्यलाई दिगो र प्रभावकारी बनाउनका लागि गाउँपालिकाको आवधिक योजना निर्माण गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरुः**

- भू-उपयोग नीति तथा सडक विकास गुरु योजना निर्माण,
- एकीकृत विकासको थालनी गर्नुपर्ने,
- जथाभावी नयाँ सडक निर्माणको सट्टा रणनीतिक महत्व र बढी प्रयोग हुने सडकहरुको स्तरोन्नति,
- सबै र सधैंका लागि सडकको नारालाई व्यवहारमा उतार्नुपर्ने,
- विकास निर्माणको कार्यले निम्त्याएको विनाशलाई न्यूनीकरण गर्नुपर्ने ।

**(घ) वातावरण तथा विपद व्यवस्थापन**

- विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ र प्राकृतिक तथा मानवजन्य विपदमा परेका जनताहरुलाई आर्थिक सहयोगको व्यवस्था गरिएको छ ।
- फलफूल तथा नर्सरी स्थापनार्थ अनुदानको व्यवस्था गरिएको छ ।
- बर्षा याममा हुन सक्ने बाढी पहिरोको जोखिम न्युनीकरण गर्नका लागि ग्याबिन तारजालीहरुको व्यवस्था गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षः**

- विपद्पूर्वको पूर्व तयारीको व्यवस्था गरिनुपर्दछ।
- भूक्षय तथा बाढी पहिरो, आगलागी तथा डढेलोको जोखिम न्युनीकरणका लागि सचेतनात्मक क्रियालाप सञ्चालन गरिनुपर्ने ।
- गत आ.व मा वन तथा वातावरण क्षेत्रमा तुलनात्मक रुपमा कम कार्य भएको देखिन्छ जसलाई आगामी आ.व मा सुधार्नुपर्ने ।

- वृक्षरोपण, नर्सरी स्थापना लगायत वन तथा वातावरण संरक्षणको कार्यलाई अभियानकै रूपमा चलाइनु पर्दछ।
- विपद्को समयमा तत्काल उद्धार गर्नका लागि एकीकृत Rapid Response Team ( RRT) को व्यवस्था गरिनु पर्दछ ।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- सबै वडा कार्यलयहरुमा कार्यालय व्यवस्थापन तथा भौतिक सुधारको व्यवस्था गरिएको छ ।
- गाउँ कार्यपालिकाको कार्यालय लगायत सबै वडा कार्यालयहरु, ८ वटा माध्यमिक विद्यालयहरु तथा स्वास्थ्य चौकीहरुमा डिजिटल हाजिरीको व्यवस्था गरिएको छ ।
- सबै वडा कार्यालयहरु र गाउँ कार्यपालिकाको कार्यालयका सबै विषयगत शाखाहरुमा समेत कम्प्युटर प्रविधि मार्फत कार्य सञ्चालन गरी सेवा प्रवाहलाई छिटो छरितो बनाइएको छ ।
- जनताको गुनासो सल्लाह र सुझाव प्राप्त गर्न टोल फ्री नम्बरको व्यवस्था गरिएको छ, गाउँपालिकाको आफ्नै मोबाईल एप्स र वेभ साईट समेत सञ्चालनमा छ ।
- न्यून जनशक्तिको समस्या समाधान गर्नका लागि नियमानुसार करारमा प्राविधिक लगायत अन्य कर्मचारीहरुको व्यवस्थापन गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरुः**

- चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनुपर्ने,
- सूचना प्रविधिको प्रयोगका लागि इन्टरनेट, तथा थप ल्याण्डलाईन फोन लगायतको व्यवस्था गरिनुपर्ने,
- भ्रष्टाचार न्यूनीकरण तथा सुशासन प्रवर्द्धनका लागि नागरिक चेतना अभिवृद्धि गर्नुपर्ने,
- सेवा प्रवाहलाई थप सरल चुस्त र दुरुस्त गराउने उपायहरु खोजिनुपर्दछ ।
- कर्मचारीहरुको क्षमता विकाससम्बन्धी कार्यक्रमको व्यवस्था गरिनुपर्दछ ।

**अब म आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**२.१ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धि**

**दीर्घकालीन सोच**

**कृषि, प्रविधि, पर्यटन र पूर्वाधार पैयूँवासीको सम्मृद्धिको आधार ।**

**लक्ष्य-** दिगो, एकीकृत र सन्तुलित विकासका माध्यमबाट सम्पूर्ण स्थानीय जनताको जीवन स्तरमा सुधार ल्याउने

## उद्देश्य

- पूर्वाधार विकासमा जोड दिँदै एकीकृत विकास ( Integrated Development) को अवधारणालाई अवलम्वन गर्ने,
- आर्थिक र सामाजिक रुपमा पछाडि परेका समुदायलाई विशेष जोड दिई सामाजिक न्यायको विकास गर्ने,
- मौलिक साहित्य, संगीत तथा कलाको संरक्षण र प्रवर्द्धन गर्ने,
- प्राकृतिक सौन्दर्य, सरसफाइ र पर्यावरणीय प्रवर्द्धनमा जोड दिने,
- स्थानीय स्रोत साधनहरुको समुचित सदुपयोग गरी लगानीको वातावरण तयार गर्ने,
- पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययन गरी रोजगारीको अवसर सिर्जना गर्ने,
- आधुनिकीकरण सहितको कृषि र पशुपालन तथा जडिबुटी उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने।

## अपेक्षित उपलब्धि

सीमित स्रोत साधन र बढ्दो जनअपेक्षाका माझ एकै आ.व भित्र पूर्ण रुपमा अपेक्षित परिवर्तन सम्भव नहुन सक्छ तथापि गाउँपालिकाले चालु आ.व २०७६।०७७ मा देहायका उपलब्धिहरु हासिल गरेको हुनेछः

- हाल विद्यमान सडक सञ्जालको प्राथमिकताका आधारमा स्तरोन्नति हुनेछ ।
- मुख्य सडकबाट गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुसम्म पुग्ने सडकहरु कालोपत्रे गरिएको हुनेछ ।
- स्थानीय बासिन्दाहरुको जीवनस्तरमा गुणात्मक परिवर्तनको प्रयास हुनेछ ।
- विकास निर्माणमा स्थानीय जनताको रचनात्मक सहयोग र सहभागिता वृद्धि हुनेछ ।
- कृषिको आधुनिकीकरणको माध्यमबाट कृषिमा आत्मनिर्भरताको सिर्जना हुनेछ ।
- सबै वडा कार्यालयहरुबाट Online System बाट प्रशासनिक कार्यहरु सञ्चालन हुनेछ ।
- आधारभूत स्वास्थ्य क्षेत्रमा सबैको समान पहुँच पुग्नेछ ।
- शैक्षिक क्षेत्रको वर्तमान स्थितिमा गुणात्मक सुधार आउनेछ ।
- गाउँपालिकाको आर्थिक विकासको सम्भाव्यताको सूक्ष्म अध्ययन गरी विकासले नयाँ गति लिनेछ ।
- बालमैत्री, अपाङ्ग मैत्री गाउँपालिका बन्नेछ ।
- व्यावसायिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गरिनेछ ।
- स्वरोजगार तथा युवा रोजगारमुखी कार्यक्रम कृषि, पशुपालन, पर्यटन, नर्सरी, मौरी र माछापालनलाई प्राथमिकता दिइनेछ ।
- **१ घर १ धारा** मार्फत् सबै जनतालाई सफा र स्वच्छ खानेपानीको सुविधाको पहल हुनेछ ।
- जेष्ठ नागरिक सम्मान तथा निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम आयोजना गरिनेछ ।

- समग्र गाउँपालिका आर्थिक तथा सामाजिक रूपमा समुन्नत हुनेछ ।

## २.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

### २.२.१ समग्र नीति तथा आधारहरुः

- नेपालको संविधान, २०७२
- राष्ट्रिय योजना आयोगको मार्गदर्शन,
- नेपाल सरकारको **पन्ध्रौं** योजनाले परिलक्षित गरेका अवधारणाहरु,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित)
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन,
- नागरिक समाजबाट प्राप्त सुझावहरु,

## २.१ क्षेत्रगत नीति तथा आधारहरु

### क) आर्थिक क्षेत्र

- कृषि तथा पशुपंक्षी विकाससम्बन्धी

- जल, जङ्गल, उर्वर भूमि, जैविक विविधताका प्राचुर्यताका कारण कृषिलाई पहिलो प्राथमिकता दिई गाउँपालिकाका विभिन्न वडाको माटो, हावापानी ,चरन क्षेत्रको पहिचान गरी पशुपालन, तरकारी, माछापालन, फलफूल खेती, मौरीपालन, कुखुरापालन आदि पकेट क्षेत्रको विकास गरिनेछ ।
- परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई क्रमशः व्यवसायीकरण र आधुनिकीकरणद्वारा विस्थापित गरिनेछ ।
- गाउँपालिकाभित्र आवश्यकतानुसार सिंचाई कुलोहरुको निर्माण तथा मर्मत गरी कृषिजन्य जग्गाहरुमा वर्षैभरि सिंचाइको सुविधा पुर्याइनेछ ।
- कृषि विज्ञहरुको परामर्श लिई माटो परीक्षण कार्यक्रम सञ्चालन गरी माटो अनुकूलको उत्पादन क्षेत्रको पहिचान गरिनेछ ।
- **'जनताको उत्पादन गाउँपालिकाको योगदान कार्यक्रम'** मार्फत कृषकहरुलाई निश्चित उत्पादन र उद्यमशीलताका आधारमा बिउ, मल, कृषि औजार, ढुवानी लगायत विभिन्न प्रकारका कृषि अनुदानको व्यवस्था गरिनेछ ।
- व्यावसायिक खेती तथा नगदे बाली प्रवर्द्धन गर्ने आयोजनाहरु संचालन गरी कृषि व्यवसाय प्रवर्द्धनका माध्यमबाट रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।

- खाद्यान्नको पर्याप्त उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नमा आत्मनिर्भरताका साथै खाद्य सुरक्षामा टेवा पुर्याइनेछ ।
- स्थानीय कृषि उपजहरुको बिक्री वितरणका लागि **मासिक रुपमा हाटबजार**को व्यवस्था गरिनेछ साथै कृषि उपज संकलन केन्द्र स्थापनाको थालनी गरिनेछ।
- निर्यातयोग्य एवं उच्च मूल्यका कृषिजन्य बाली/वस्तुहरुको उत्पादन प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने नीति अख्तियार गरिनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि विकसित प्रविधिहरुको प्रचार प्रसार र प्राविधिक सेवा सर्वसुलभ रूपमा प्रदान गरी कृषकहरुलाई कृषि विकास गर्न सक्षम बनाइनेछ।
- कृषि तथा पशुमा व्यवसायीकरण, बजारीकरण र सामाजिक सम्मानको वातावरण सिर्जना गरिनेछ साथै यस आ.व बाट **पाडापाडी संरक्षण** कार्यक्रम सुरुवात गरिनेछ ।
- कृषक र कृषि पेसाको सम्मान गर्दै हरेक वर्ष गाउँपालिकाभित्रका १ जना उत्कृष्ट कृषक वा कृषि समूहलाई **उत्कृष्ट कृषक सम्मान पुरस्कारको** व्यवस्था गरिनेछ ।
- खेतीयोग्य जमिनमा हुने प्लटिङ कार्य वा बस्ती निर्माण कार्यलाई निरुत्साहित पार्ने नीति लिइनेछ ।
- हाम्रा **रैथाने बिउ**बिजनहरुलाई संरक्षण गर्नका लागि **बीज बैंक** **(SEED BANK)** को स्थापना गरिनेछ ।
- कृषि तथा पशु विकासमा कृषक समूह/समिति/सहकारी/गैरसरकारी संस्था र स्थानीय सरोकारवालाहरुसँग साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।
- बाँझो र उपयोगहीन जग्गामा सामूहिक रुपमा व्यावसायिक खेती गर्ने कृषक तथा कृषि समूहलाई प्रोत्साहन गरिनेछ ।
- बाँझो र उपयोगविहीन जग्गाहरुको उपयोग गरी आर्थिक विकासको पहल गरिनेछ जसका लागि गाउँपालिकाले **नमुना कृषि क्षेत्र** स्थापना गर्नेछ ।

➢ <u>पर्यटन सम्बन्धी</u>

- पर्यटनलाई गाउँपालिकाको आर्थिक विकासको आधारका रुपमा विकास गर्नका लागि पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार विकासमा जोड दिइनेछ।
- आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लक्षित गरी गाउँपालिकाभित्र होमस्टे सञ्चालनको थप व्यवस्था गरिनेछ।
- ऐतिहासिक पैयूँकोट, नायक साहब थान, पालुस्थान लगायतका गाउँपालिकाका पर्यटकीय स्थलहरुलाई थप पूर्वाधारयुक्त बनाइनेछ ।
- पर्यटन पूर्वाधारहरुको स्थापना गरी पर्यटकीय सम्भावनाको विस्तार गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका हरिया वनजङ्गल र जीवजन्तुहरुको प्राचुर्यतालाई मध्यनजर गरी **जैविक पर्यटन**को विकास गरिनेछ ।

➢ <u>उद्योग, उद्यमशीलता तथा सहकारितासम्बन्धी</u>

- स्थानीय साधनस्रोत र थोरै लगानीमा सञ्चालन गर्न सकिने घरेलु उद्योग सञ्चालनमा जोड दिइनेछ।
- औद्योगिक विकास विनाको आर्थिक समुन्नति असम्भव हुने हुँदा गाउँपालिकाले आगामी आ.व बाट नै यससम्बन्धी ठोस प्रयास सुरु गरिनेछ ।
- गाउँपालिकाभित्र सञ्चालित विभिन्न फर्निचर, ग्रिल, पोल्ट्री फर्म व्यवसायलाई थप व्यवस्थित गराइनेछ
- सामूहिक रुपमा सञ्चालित भई स्थानीय स्तरमा रोजगारी प्रदान गर्ने घरेलु तथा साना उद्योगहरुलाई प्रोत्साहन गर्न गाउँपालिकाले **उद्योग विकास अनुदान**को व्यवस्था गर्नेछ ।
- गाउँपालिकाको औद्यौगिक विकासलाई सुदृढीकरण गर्नका लागि **औद्योगिक विकास रणनीति** निर्माण गरी लागु गरिनेछ ।
- १ वडा १ सहकारीको नीति अवलम्वन गरिनेछ ।
- हाउस वायरिङ, कपाल काट्ने, सिकर्मी, डकर्मी सिलाइ कटाइ जस्ता थोरै लगानीमा सञ्चालन गर्न सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गरिनेछ ।
- संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक ग्राम स्थापनाको प्रक्रिया अघि बढाइनेछ ।
- गाउँपालिकाभित्र रहेका सहकारीहरुलाई थप व्यवस्थित र सुदृढीकरण गरिनेछ ।

## ख) सामाजिक क्षेत्र

### <u>शिक्षा तथा सामाजिक सुधारसम्बन्धी</u>

- गाउँपालिकाभित्रका विद्यालयहरुको अवस्थामा सुधार ल्याई शैक्षिक गुणस्तरमा वृद्धि गरिनुका साथै गरिब र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- उत्कृष्ट नतिजाका साथ शैक्षिक क्षेत्रमा उल्लेखनिय सुधार ल्याउने विद्यालयलाई गाउँपालिकाले प्रोहोत्सानस्वरूप आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ ।
- सामुदायिक विद्यालहरुको शैक्षिक गुणस्तरमा वृद्धि गर्नुका साथै क्रमशः **१ वडा १ सामुदायिक नमुना विद्यालय**को विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- फरक क्षमताका बालबालिकाका साथै बालमैत्री तथा छात्रामैत्री विद्यालयको रुपमा विकास गर्ने गरी विद्यालयहरुको भौतिक संरचनाहरुमा क्रमशः सुधार गरिनेछ ।
- कमजोर आर्थिक स्थितिकै कारण शिक्षाको अवसरबाट वञ्चित हुनुपर्ने स्थितिलाई अन्त्य गर्नका लागि विशेष पहल गरिनेछ ।
- शिक्षा क्षेत्रमा कार्य गर्ने गैरसरकारी संघसंस्थाहरुसँग आवश्यक समन्वय गरी यस गाउँपालिकाको शैक्षिक विकासमा एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।
- सूचना प्रविधिको वर्तमान युगलाई मध्यनजर गर्दै शिक्षा क्षेत्रमा आधुनिकीकरण गर्दै समयसापेक्ष बनाउनका लागि सबै विद्यालयहरुमा क्रमशः **कम्प्युटर र प्रोजेक्टरका माध्यमद्वारा** शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

- दलित, महिला, आदिवासी जनजाति एवं सीमान्तकृत वर्गलाई शैक्षिक अवसरहरुको सुनिश्चितता प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- एस. ई. ई लगायत विभिन्न तहमा गाउँपालिकाबाट सर्वोत्कृष्ट नतिजा ल्याउने छात्रछात्राहरुलाई सम्मान गरिनेछ ।
- **गाउँपालिकाको शिक्षा क्षेत्रमा विशेष योगदान पुर्याउने शिक्षक, शिक्षिकाहरुलाई दीर्घ सेवा सम्मान पुरस्कारको व्यवस्था गरिनेछ ।**
- आ.वि हरुको हकमा कक्षा ८ को परीक्षाको नतिजा र मा. वि हरुको हकमा एस.ई.ई परीक्षाको नतिजाका साथै विद्यालयको समग्र शैक्षिक वातावरण तथा व्यवस्थापन लगायतका आधारमा मूल्याङ्कन गरी हरेक वर्ष **उत्कृष्ट वर्ष विद्यालय (School Of the Year)** का रुपमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि निजी क्षेत्र, गैसस लगायत सम्पूर्ण सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- गाउँपालिकाको शैक्षिक क्षेत्रमा थप सुधार ल्याउनका लागि **गाउँपालिका शिक्षा सुधार रणनीति** निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- चालू आर्थिक वर्षमा सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- समाजमा विद्यमान जातीय विभेद, दाइजो प्रथा, बाल विवाह, जाँड रक्सी, जुवातास,लागू औषध दुर्व्यसनी जस्ता कुप्रथालाई निरुत्साहित गर्ने ।

स्वास्थ्य सम्बन्धी

- आधारभूत स्वास्थ्य नागरिकको मौलिक हकका रुपमा रहेकाले स्वास्थ्य चौकी, औषधालय, निःशूल्क स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्यकर्मीहरुको सेवालाई नियमित र पहुँचयोग्य तुल्याइनेछ ।
- महिलाहरुको पाठेघर र स्तन क्यान्सर रोकथाम, २ वर्ष मुनिका बालबालिकाहरुको पोषण स्थितिमा सुधार लगायत स्वास्थ्यसम्बन्धी पर्याप्त जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र अत्यावश्यक औषधिको वर्षभरि नै अभाव हुन दिइने छैन ।
- गाउँपालिकाभित्र सञ्चालित सबै बर्थिङ सेन्टरहरुलाई थप साधनस्रोत सम्पन्न र व्यवस्थित बनाइनेछ।
- विभिन्न सरुवा रोगहरु तथा महामरी रोकथामका निम्ति जनचेतनामूलक कार्यक्रमको व्यवस्था गरिनेछ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुलाई लक्षित गरी एकीकृत विशेषज्ञ स्वास्थ्य शिविरहरुको आयोजना गरिनेछ ।
- एकीकृत विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरी सबै स्थानीय बासिन्दाहरुलाई लाभान्वित गराइनेछ।
- विगत लामो समयदेखि गाउँपालिकाभित्रका दुर्गम बस्तीहरुमा समेत निरन्तर रुपमा योगदान पुर्याइरहेका **स्वास्थ्यकर्मीहरु तथा महिला स्वयं सेविकाहरुलाई** सम्मान गरिनेछ ।
- गाउँपालिकाभित्रका बर्थिङ्ग सेन्टर/ स्वास्थ्य संस्थाहरुमा नियमित चेकजाँच गराई गाउँपालिकाको स्वास्थ्य संस्थाबाट नै प्रसूती सेवा लिने आमाहरुलाई लक्षित गरी **प्रसूतीका लागि पोषण** कार्यक्रमको व्यवस्था गरिनेछ ।

- संघ तथा प्रदेश सरकारसँग सहकार्य गरी गाउँपालिकामा एक २५ शय्या अस्पताल स्थापना गरी स्वास्थ्य सेवालाई विस्तार गरिनेछ ।
- जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुलाई आवश्यकतानुसार ह्वील चेयर, वैशाखी, बेड, ईयर डिभाईस लगायतका सामग्रीहरुको व्यवस्था गरिनेछ ।

**<u>भाषा संस्कृति ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण</u>**

- आर्थिक सामाजिक लगायत विभिन्न कारणले जोखिममा रहेका बालबालिका तथा अति विपन्न नागरिकहरुलाई लक्षित गरी **एक अक्षय कोषको** व्यवस्था गरिनेछ ।
- सबै किसिमका हिंसाहरु, जातीय तथा लैङ्गिक विभेद, छुवाछुत, कुप्रथामुक्त गाउँपालिका निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- श्रमिक, किसान, एकल महिला लगायत विपन्न वर्गका जनताहरुको लागि आयमूलक एवं क्षमता विकाससम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लैजाने नीति लिइनेछ।
- निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरी सहभागिताको सुनिश्चितता गरिनेछ ।
- बालबालिकासम्बन्धी बाल क्लब सञ्जाल एवं बालबालिकाको क्षमता विकासका कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- निर्माण गरिएका वा गरिने सामाजिक एवं भौतिक पूर्वाधारहरुलाई बालबालिका एवं अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।
- जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विशेष जोड दिने नीति लिइनेछ ।
- लक्षित वर्गका लागि सञ्चालन गरिने कार्यक्रमहरुमा सो समूहका सीमित टाठाबाठा व्यक्तिको हालीमुहाली (Ellite Capture) निरुत्साहित गरिनेछ ।
- आदिवासी जनजाति लगायत स्थानीय मौलिक भाषा, संस्कृति तथा परम्पराहरुको संरक्षण एवं सम्बर्द्धन गरिनेछ। साथै गाउँपालिकाका सबै जातजातिको मौलिक सस्कृतिको संरक्षण गर्नका लागि **१ संस्कृति घरको** स्थापना गरिनेछ ।
- परम्परागत शैलीमा निर्मित संरचना जस्तैः **घुमाउने छानो सहितको घर** आदिको संरक्षणमा जोड दिइनेछ।
- गाउँपालिकाभित्रका आर्थिक तथा सामाजिक रुपले पिछडिएका तथा लोपोन्मुख जातिहरुको संरक्षणका लागि ठोस कदम चालिनेछ।
- **सुरक्षित छानो कार्यक्रम** सञ्चालित गरी आर्थिक तथा समाजिक रुपमा विपन्न नागरिकहरुको खरको छानो विस्थापन गरी जस्तापाताको व्यवस्था गरिनेछ ।

- गाउँपालिकाभित्र परम्परागत रुपमा सञ्चालित मेला तथा जात्राहरुलाई संरक्षण तथा सम्बर्द्धन गरिनेछ।
- सामाजिक न्यायलाई जनस्तरमा पुर्याउन वडास्तरमा मेलमिलाप केन्द्रको विस्तार गर्नुका साथै न्यायिक समितिलाई थप प्रभावकारी बनाइनेछ ।

<u>खानेपानी तथा सरसफाइ</u>

- गाउँपालिकाको सबै घरहरुमा सफा र स्वच्छ खानेपानीको सहज पहुँचको आवश्यक व्यवस्था गरिनेछ।
- पूर्ण सरसफाइसम्बन्धी राष्ट्रिय रणनीति कार्यान्वयनको व्यवस्था गरिनेछ साथै सरसफाईको क्षेत्रमा नमुना गाउँपालिकाको रूपमा स्थापित गरिनेछ।
- **१ घर १ धारा**को नीति लिई क्रमशः लागु गरिनेछ ।
- पूर्ण सरसफाईसम्बन्धी जनचेतना अभिवृद्धि गरिनुका साथै गाउँपालिका अन्तर्गतका **सहरोन्मुख क्षेत्रहरुमा आवश्यकतानुसार डस्टबिन तथा सार्वजनिक शौचालयहरु**को व्यवस्था गरिनेछ ।
- स्वच्छ एवं गुणस्तरीय खानेपानीको आपूर्तिलाई व्यवस्थित गर्न पुराना खानेपानी योजनाहरुको दिगो संरक्षण, मुहानको खोजी र संरक्षण गरी पर्याप्त खानेपानीको आपूर्तिको व्यवस्था गरिनेछ ।
- परम्परागत रुपमा निर्मित कुवा, ढुंगेधारा, पोखरीहरुको संरक्षण एवं प्रवर्द्धन गरिनेछ ।
- फोहोर व्यवस्थापनका लागि गाउँपालिकाभित्र **ल्याण्डफिल्ड साईटको** स्थापना गरिनेछ ।

<u>युवा तथा खेलकुद विकास</u>

- युवाहरुमा उद्यमशीलताको विकास गर्नका लागि **युवा उद्यमशीलता कार्यक्रम**को व्यवस्था गरिनेछ ।
- युवा लक्षित सीपमूलक तालिम संचालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्दै विदेश पलायनको वर्तमान स्थितिमा सुधार ल्याइनेछ।
- विभिन्न युवा क्लबहरु तथा युवा लक्षित संघ संस्थाहरुसंग सहकार्य गर्दै युवाहरुमा नेतृत्व विकासको अवसरहरु प्रदान गरिनेछ ।
- खेलकुदलाई मनोरञ्जन र स्वास्थ्यसँग आबद्ध गरी यसको विकास गरिनेछ साथै गाउँपालिकाभित्र रहेका **राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडीहरुलाई** सम्मान र प्रोत्साहन गरिनेछ ।
- खेलकुद विकासलाई जोड दिँदै **गाउँपालिका स्तरीय रंगशाला निर्माण** लगायत खेलकुदसम्बन्धी पूर्वाधार निर्माणको सुरुवात गरिनेछ ।
- गाउँपालिकामा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।
- युवाहरुलाई दुर्व्यसनीबाट मुक्त दिलाउन आवश्यक कदम चालिनेछ ।
- गाउँपालिकाभित्र रहेका विभिन्न युवा क्लबहरुलाई समाज सुधार तथा विकास कार्यमा आबद्ध गराउने नीति अवलम्बन गरिनेछ ।
- युवाहरुलाई उद्यमशीलतातर्फ उन्मुख गराउनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरुको व्यवस्था गरिनेछ
- क्रमशः**१ वडा १ खेल मैदानको व्यवस्था गरिनेछ ।**

**(ग) पूर्वाधार क्षेत्र**

- जथाभावी नयाँ ट्र्याकहरु खोल्ने कार्यलाई निरुत्साहित गर्दै सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नति गरी **सबै र सधैंका लागि सडक**को मूल मर्मलाई आत्मसात गरिनेछ ।
- सडक विकासलाई व्यवस्थित गर्नका लागि गाउँपालिकाको **यातायात गुरु योजना** निर्माण गरिनेछ ।
- सडक,पुलजस्ता भौतिक पूर्वाधार निर्माणमा आर्थिक, वातावरणीय, सामाजिक पक्षको मूल्याङ्कन एवं अध्ययनको आधारमा गुणस्तरीय एवं वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिकाको केन्द्र, सदरमुकाम र वडा कार्यालयहरुको सम्पर्क सडकहरुको स्तरोन्नतिमा जोड दिइनेछ
- ग्रामीण तथा कृषि सडकहरु निर्माण गर्दा स्थानीयस्तरमा हुने कृषि उत्पादनका आधारमा प्राथमिकता दिइनेछ।
- गाउँपालिकाभित्रका सडकहरुलाई वर्षैभरि सञ्चालनमा राख्न तथा पूर्वाधारसम्बन्धी संरचनाहरुको नियमित मर्मत सम्भारका लागि **एक मर्मत सम्भार कोष** स्थापना गरिनेछ ।
- सहरोन्मुख क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको थालनी गर्नुका साथै बसपार्कको व्यवस्था गरिनेछ।
- सडक लगायत कुनै पनि विकासका पूर्वाधारसम्बन्धी योजनाहरु कार्यन्वयनका चरणमा अनावश्यक विवाद, ढिलासुस्ती र अनियमितता गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी लगायत सबैलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

**ऊर्जा एवं विद्युतीकरणसम्बन्धी**

- गाउँपालिकामा विद्यमान काठे पोल विस्थापन योजनालाई निरन्तरता दिइनेछ ।
- जल विद्युत उत्पादन कार्यमा निजी तथा सरकारी सहकार्यको नीति अवलम्बन गरिनेछ ।
- वैकल्पिक ऊर्जाको विकासमा जोड दिइनेछ ।

**सञ्चार**

- गाउँपालिकाक्षेत्रलाई आधार मानेर पत्रकारिता गर्ने तथा पत्रकारहरुलाई सम्मान गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित एफ एम रेडियो लगायत छापा माध्यमबाट सूचना प्रसारण गर्ने संघसंस्थाहरुलाई आवश्यकतानुसार सहयोग गरिनेछ ।
- सबै सञ्चार माध्यमसँग समदूरीको नीति अख्तियार गरिनेछ ।
- लाइनफोन तथा इन्टरनेट सेवा विस्तारका लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाले सञ्चालन गरेका विकास योजना तथा कार्यक्रमहरुको जानकारी जनतासमक्ष पुर्याउनका लागि चौमासिक/मासिक रुपमा **पैयूँ आवाज बुलेटिन** प्रकाशनको व्यवस्था गरिनेछ ।

**(घ) वातावरण तथा विपद व्यवस्थापन**

- स्थानीय जनताको सहभागिताको माध्यमबाट वनको संरक्षण, दिगो व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरी दैनिक जनजीवनमा आवश्यक वन पैदावरको सुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ।

- नर्सरी उत्पादनका साथै खाली पर्ती जग्गामा उपभोक्ता समूह, विद्यालय परिवार, र नागरिक समाज मार्फत वृक्षारोपण कार्यक्रमलाई गाउँपालिकाको अभियानका रुपमा निरन्तरता दिइनेछ।
- सामुदायिक वन तथा खाली जग्गामा वर पिपल,समी तथा रुद्राक्षका रूखहरु रोपिनेछ।
- लोपोन्मुख तथा जडिबुटीजन्य वनस्पति र वन्यजन्तुहरुको पहिचान, संरक्षण र सम्बर्द्धन गरिनेछ ।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यमा तत्काल कार्य अघि बढाइनेछ।
- जलवायु परिवर्तन अनुकूलन तथा वातावरण संरक्षणमा टेवा पुर्याउने कार्यक्रमलाई जोड दिइनेछ,

- प्राकृतिक वा मानवद्वारा सिर्जित विपद्का कारण गाउँपालिकाभित्रका जनताहरुलाई तत्काल आर्थिक सहायता प्रदान गर्नका लागि विपद व्यवस्थापन कोषमा थप रकमको व्यवस्था गरिनेछ।
- गाउँपालिकाभित्र रहेका विपद् जोखिमयुक्त स्थानहरुको पहिचान गर्नुका साथै बाढी, पहिरो, भूकम्प लगायतका विभिन्न प्राकृतिक विपद्का क्रममा प्रयोग गर्न सकिने गाउँपालिकाभित्रका सुरक्षित स्थलहरुको पूर्व पहिचान गरी सबैलाई जानकारी गराइनेछ।
- विभिन्न सरोकारवाला निकायहरुसँग सहकार्य गरी विपद्पूर्वको पूर्वतयारीसम्बन्धी जनचेतना फैलाउनका लागि विद्यालयहरुमा तत्सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- गाउँपालिकामा विद्यमान वन्यजन्तु अतिक्रमण विशेषतः बाँदर आतंकलाई मध्यनजर गरी **बाँदर नियन्त्रण** कार्यक्रमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका जोखिमयुक्त स्थानहरुको पहिचान गर्नुका साथै विपद्का क्रममा उपयोग हुन सक्ने

- विपदको समयमा तत्काल उद्धार गर्नका लागि गाउँपालिकास्तरीय एकीकृत **Rapid Response Team ( RRT)** को व्यवस्था गरिनेछ।

## ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- गाउँ कार्यपालिकाको कार्यालय भवन निर्माणको थालनी गर्नुका साथै आफ्नै वडा कार्यालय भवन नभएका वडा कार्यालयहरुको निर्माण गरिनेछ,
- गाउँपालिका स्तरीय एक सभाहलका साथै १ वडा १ सभाहल निर्माण कार्यको थालनी गरिनेछ ।
- सेवा प्रवाहमा जेष्ठ नागरिक, फरक क्षमताका व्यक्तिहरु, महिला तथा बालबालिकाहरुलाई प्राथमिकता दिईनेछ।
- गाउँपालिकाभित्रका सबै सार्वजनिकसेवा प्रदायक निकायहरुमा ( First Come First Serve) को नीति अवलम्बन गरिनेछ
- सेवा प्रवाहमा सूचना तथा संचार प्रविधि (**ICT**) को प्रयोग मार्फत सार्वजनिक सेवा प्रवाहलाई थप छिटो छरितो र सहज बनाइनेछ,

- भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिई पारदर्शिता, जवाफदेहिता, र सुशासन वृद्धिको लागि आधुनिक सफ्टवेयर प्रणालीको प्रयोग गरिनेछ ।
- सेवाप्रवाहमा जेष्ठ नागरिक, फरक क्षमताका व्यक्तिहरु, महिला तथा बालबालिकाहरुलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिकाबाट सम्पादन हुने कार्यहरुलाई नियमानुसार सार्वजनिक गर्दै सार्वजनिक सुनुवाईलाई थप प्रभावकारी बनाईनेछ।
- सबै वडा कार्यालयबाट online System बाट प्रशासनिक सेवा प्रवाहको थालनी गरिनेछ।
- पञ्जीकरण, जिन्सी व्यवस्थापन, लेखा लगायतसँग सम्बन्धित कार्यहरुलाई थप व्यवस्थित बनाउनका लागि विभिन्न Software तथा Application हरुको व्यवस्था गरिनेछ ।
- कर्मचारीहरुलाई सेवाप्रवाह सम्बन्धी विभिन्न तालिमको व्यवस्था गरिनेछ ।
- कर्मचारीहरुको मनोबल उच्च राख्नका लागि हरेक वर्ष **उत्कृष्ट कर्मचारी सम्मान** कार्यक्रमको व्यवस्था गरिनेछ ।
- जनउत्तरदायी, पारदर्शी, निष्पक्ष र नतिजामुखी प्रशासन निर्माण गरिनेछ।
- **जनतासँग जनप्रतिनिधि** कार्यक्रम अन्तर्गत चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षा, स्वास्थ्य, पशु स्वास्थ्यलगायत गाउँपालिकाबाट प्रवाह गरिने सेवाहरुलाई जनताको घर दैलो सम्म पुर्याउन यथासम्भव एकीकृत घुम्ती सेवा शिविरको आयोजना गरिनेछ।

**अन्य क्षेत्रहरु सम्बन्धी**

**सुरक्षा व्यवस्थापन**

- गाउँपालिकाको सुरक्षा व्यवस्थापनलाई थप मजबुत गराइनेछ।
- गाउँपालिकाका सबै वडाहरुमा प्रहरी चौकीको व्यवस्था गर्न पहल गरिनेछ।
- गाउँपालिकाभित्र शान्ति सुव्यवस्था कायम गर्न जिल्ला र गाउँपालिकाभित्रका सबै सुरक्षा निकायहरु सँग समुचित समन्वय कायम गरिनेछ

**निजी तथा गैससससम्बन्धी**

- गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा विकास गर्नका लागि निजी तथा गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।
- निजी तथा गैरसरकारी संघ संस्थाहरुको क्रियाकलापलाई थप व्यवस्थित गर्दै आवश्यक सहयोग र समन्वय गरिनेछ।
- निजी क्षेत्रसँग रहेको पुँजीलाई गाउँपालिकाभित्र परिचालन गर्ने वातावरण निर्माण गरिनु का साथै सामाजिक उत्तरदायित्व ( Social Corporate Responsibility) वहनतर्फ उन्मुख गराइनेछ ।